नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ........................... शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७७/७८
चलानी नम्बर :- ३०७५७

मिति : २०७७-१०-०७

विषय :- पूँजी वृद्धि सहित प्रबन्धपत्र/नियमावलीमा भएको संशोधन र संचालक लगत, अध्यावधिक सम्बन्धमा।

**हिमालयन डिस्टिलरी (लि. नं. ७५७)**
ललितपुर उप म.न.पा.-३४,ललितपुर,बाग्मती

त्यस कम्पनीले यस कार्यालयलाई बुझाउनु पर्ने आ.व. ०७६/७७ सम्मका विवरणहरु उपलब्ध गराएकोले सो आ.व. सम्म कम्पनी अध्यावधिक रहेको, त्यस कम्पनीको मिति २०७७।०९।२९ गतेको वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको जारी तथा चुक्ता पूँजीलाई निम्न बमोजिम कायम गर्न स्विकृती प्रदान गरिएको छ। साथै प्रबन्धपत्रको दफा ५(ख) र (ग) तथा नियमावलीको नियम ५ (ख) , (घ) , (ङ) , ६, ६(क) , १३(ग) , १३(ण)को छ मा भएको संशोधनलाई अभिलेख गरी तथा कम्पनीको मिति २०७७/०९/२९ वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १०७ बमोजिम तयार सञ्चालक दर्ता किताब यस कार्यालयमा प्राप्त भएकोले सो बमोजिम भए गरेका काम कारबाहीको उतरदायित्व र जिम्मेवारी कम्पनी र कम्पनीका सञ्चालकहरुको रहने गरी सो सञ्चालक दर्ता किताब अभिलेख गरी १/१ प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०७७।१०।०६ को निर्णयानुसार जानकारी गराइन्छ।

| बिवरण | साविक | हाल कायम गरिएको |
|---|---|---|
| जारी पूँजी रु | ६०,१८,००,०००।- | ८६,७७,०२,३७५।- |
| चुक्ता पूँजी रु | ५७,८४,६८,२५०।- | ८६,७७,०२,३७५।- |

(दिवाकर शर्मा)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री आन्तरिक राजस्व कार्यालय, ललितपुर।
श्री नेपाल धितोपत्र बोर्ड, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लि., काठमाडौं ।

लि.नं. ५७७

हिमालयन डिष्टिलरी लिमिटेडको प्रवन्ध पत्रको दफा ५(ख) र दफा ५(ग) मा कायम गरिएको संशोधित व्यवस्था:

**प्रवन्ध पत्रको दफा ५(ख)** :- कम्पनीको जारी पूजिं रु.८६,७७,०२,३७५।००(अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर) हुनेछ ।

**प्रवन्ध पत्रको दफा ५(ग)** :-कम्पनीको जारी पूजिं मध्ये रु.८६,७७,०२,३७५।०० (अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर मात्र) को साधारण शेयर हुनेछ ।

अखिलेश्वर प्रसाद सिंह
सभापति
मितिः २०७७।०९।२९

नेत्र प्रसाद तिम्सीना
कम्पनी सचिव
मितिः २०७७।०९।२९

कम्पनीको छापः

सहायक रजिष्ट्रार

लि.न.५७७

**हिमालयन डिष्टिलरी लिमिटेडको नियम ५(ख), नियम ५(घ), नियम ५(ङ), नियम ६, नियम ६(क) नियम १३(ग) र नियम १३(ण) को (छ) मा कायम गरिएको संसोधित व्यवस्था :**

**नियमावलीको नियम ५(ख)** : कम्पनीको जारी पूजिं रु.८६,७७,०२,३७५।००(अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर) हुनेछ ।

**नियमावलीको नियम ५(घ)** : कम्पनीले आफनो जारी पूजिं मध्ये रु.८६,७७,०२३.७५कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरेको छैन ।

**नियमावलीको नियम ५(ङ)** : कम्पनीले तत्काल जारी गरेको पूजिंलाई जम्मा ८६,७७०२३.७५ थान साधारण शेयरमा विभाजन गरिनेछ ।

**नियमावलीको नियम ६.** : यस कम्पनीको संचालक समितिमा एक जना स्वतन्त्र संचालक सहित ६ जना संचालकहरु रहनेछन् र निजहरुको कार्यकाल चार वर्षको हुनेछ ।

**नियमावलीको नियम १३(ग)** : कम्पनीको साधारण सभामा वांडफाड भएको कुल शेयर शंख्याको पचास प्रतिशत भन्दा वढिको शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वंय वा आफनो प्रतिनिधि मार्फत उपस्थित भएमा सभा गर्न सक्नेछ । सभा गर्न गणपुरक शंख्या नपुगेको कारणवाट दोस्रो पटक सभा वोलाउदा वांडफाड भएको कुल शेयर शंख्याको पचिस प्रतिशत शेयरको प्रतिनिधित्व र तीन जना शेयरधनी स्वयं वा प्रतिनिधि मार्फत उपस्थित भएमा सभा गर्न सकिने छ । विशेष साधारण सभा भने ऐनमा उल्लेख भए बमोजिम हुनेछ । सभामा शेयरधनीहरु भौतिक रुपमा वा विद्युतीय माध्यम प्रयोग गरी Virtual उपस्थित हुन सक्नेछन ।

**नियमावलीको नियम १३(ङ)**: संचालक समितिको नियुक्ती कम्पनी ऐन २०६३ को अधिनमा रहि गरिनेछ । कुनै संचालकको पदावधि छदै पद रिक्त हुन आएमा सो पदमा वांकी अवधिको लागि संचालक समितिले नियुक्ती गर्नेछ ।

**नियमावलीको नियम १३(ण) को (६)**: संचालक समितिको वैठक विद्युतीय संचार माध्यम प्रयोग गरी Virtual उपस्थित भएर पनि वस्न सक्नेछ । वैठकमा वहुमत संचालहरुको स्वयंम उपस्थिती अनिवार्य हुनु पर्नेछ । वहुमत संचालक समितिका सदस्यको उपस्थिती नभएमा वैठक वस्न सक्ने छैन ।

अखिलेश्वर प्रसाद सिंह
सभापति
मितिः २०७७।०९।२९
कम्पनीको छापः

नेत्र प्रसाद तिम्सीना
कम्पनी सचिव
मितिः २०७७।०९।२९